आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या: ८७ मिति : २०७७/१०/०२

भाग २

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधिहरु सर्वसाधरणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

# <u>लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७</u>

आठविसकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधीको नाम <u>**लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७** रहेको छ ।</u>

२. यो कार्यविधि आठविसकोट नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :

(क) उपशाखा भन्नाले महिला ,बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखा सम्झनु पर्दछ ।

(ख) कोष भन्नाले नियम ३ बमोजिमको लैंगिक हिंसा निवारणका लागि स्थापित स्थानीय राहत तथा उद्धार कोष सम्झनु पर्दछ ।

(ग) पिडीत भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) मन्त्रालय भन्नाले संघीय सरकारको महिला , बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) लैंगिक हिंसा भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

(च) समिति भन्नाले नियम ७ बमोजिमको स्थानीय राहत तथा उद्धार समिति सम्झनु पर्दछ ।

३. **कोषको स्थापना : (१)** लैंगिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोष नामको एक कोषको स्थापना गरिने छ ।

**(२)**कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम

(ग) विदेशी व्यक्ति , अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम ,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**(३)** उपनियम (१) बमोजिमको रकम स्थानीय बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

**(४)कोषको खाताको सञ्**चालन कार्यालय प्रमुख र नगरपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने :** महिला हक हितको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोकेको प्रतिशत बराबरको रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्दछ ।

५. **कोषको उपयोग : (१)** कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :

(क) तत्काल उद्धार गर्न सकिने ,

(ख) औषधी उपचार गर्न ,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कुनै व्यावसाय गर्नको लागि स्वरोजगारका लागि व्यावसाय स्थापना अनुदानको रुपमा प्रदान गर्न,

(ङ) पुर्नस्थापना गराउन ,

(च) पीडितका लागि समितिले तोके बमोजिमको अन्य काम ।

**(२) उपनियम (१)** मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकका अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**(२) उपनियम (१)** मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. **समितिको गठन :** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानीय राहत तथा उद्धार समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) नगर उप प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

(ग) नगरपालिकाको प्रशासन शाखा प्रमुख अधिकृत स्तरको प्रतिनिधि सदस्य

(घ) ईलाका प्रहरी कार्यालयको अधिकृत स्तरको प्रतिनिधि सदस्य

(ङ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना सदस्य

(झ) प्रमुख महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सदस्य - सचिव

**(३) उपनियम (२)** को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ।

**(४)** समितिको सचिवालयको रुपमा आठविसकोट नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखा रहनेछ।

८. **स्थानिय राहत तथा उद्धार समितिको काम, कर्तव्य र अभिकार** देहाय वमोजिम हुनेछ।

क) लैंगिक हिंसा निवारणको सम्बन्धिमा नेपाल सरकार प्रदेश सरकार तथा नगरपालिकाबाट स्वीकृति नीति , योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने,

(ग) सचिवालयको काम कारबाहीको अनुगमन गर्ने वा गराउने ,

(घ) नगरपालिका क्षेत्रभित्र घटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने ,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्नेसम्बन्धमा मापदण्ड बनाई लागु गर्ने ,

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थागत समन्वय गर्ने ,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने।

(ज) लैंगिक हिंसा निवारण सम्बन्धि अन्य काम गर्ने वा गराउने ,

(झ) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ,

(ञ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ट) जिल्लास्तरमा लैंगिक हिंसा निवारणका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरुबीच समन्वय गर्ने ,

(ठ) लैंगिक हिंसा हुन नदिनको लागि स्थानिय स्तरमा जनचेतनामुलक कार्यक्रम गर्ने,

९. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णय मत दिनेछ ।

(७) समितिको बैठकमा आवश्यकताअनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **कोषलाई रकम उपलब्ध गराउने :** पिडित राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि नगरपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

११. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पिडितलााई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईनेछ :

(क) पीडितलाई तत्काल उद्धार गर्नू पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन छ सय रुपियाँ र बास बस्नु पर्ने सो बापत छुटै रकम दिनु पर्ने भएमा प्रति दिन चार सय रुपियाँका दरले बढिमा दश हजार रुपियाँ,

(ख) पीडितलाई अस्पतालमा औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नू पर्ने भएमा सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम , खाना खर्च बापत प्रति दिन छ सय रुपियाँ , अस्पतालमा बस्ने व्यवस्था नभै बाहिर बस्नु परेमा बढिमा तीन दिनको बास खर्च बापत प्रतिदिन चार सय रुपियाँ र उपचार खर्च समेत गरी बढिमा बीस हजार रुपियाँ,

(ग) कानुनी सहायता, मनोवैज्ञासनक उपचार तथा मनोविमर्शका लागि दश हजार रुपियाँमा नबढ्ने गरि लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरि बढिमा तिस हजार रुपियाँ ,

(ङ) पुर्नस्थापनाको लागि बढिमा पाँच हजार रुपियाँ,

(च) समितिले तोकेको अन्य कामको लागि कामको प्रकृति हेरी बढिमा पन्द्र हजार रुपियाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा त्यस्तो पीडितलाई दुई हजार रुपियाँमा नबढ्ने गरि मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१२. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्रप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम ८ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१३. **तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) कोषको लेखापरिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१५. स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान रकम :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा विनियोजित रकम नगरपालिकामा रहेको विपन्न नागरिक सहयोग कोषमा रहनेछ । स्थानिय राहत तथा उद्धार समितिको सिफारिसमा परिचालन गरिनेछ ।

**१६. प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक त्रैमासिक रुपमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिकामा पठाउनु पर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्षमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) नगरपालिकाले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१७. बैठक भत्ता :** समितिका अध्यक्ष वा सदस्यले सो समितिको वैठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**१८. निर्देशन दिन सक्ने :** (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१९. वाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**२०. खारेज र बचाउ :** यस कार्यविधि बमोजिम भए गरेका कामकारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछन् ।

**अनुसूची**

**(दफा १२ सँग सम्बन्धित )**

विषय : सहयोग रकम उपलब्ध गराई पाउँ

श्री अध्यक्ष ज्यू

स्थानीय उद्धार तथा राहत समिति

आठविसकोट नगरपालिका , रुकुम (पश्चिम) ।

म ..............................................मा बस्ने वर्ष ......................को ....................................
मिति..........................मा लैंगिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (..............................................) भएको कारणले मेरो मानसिक /शारीरिक /सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवम् परामर्श/उद्धार मनोविमर्श स्वरोजगार पुनस्थापना अन्य ............................................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको :

नाम थर : ................................

ठेगाना :..............................

दस्तखत :.............................

मिति :..............................

**नगर कार्यपालिकाबाट पारित:**
**मिति: २०७७/०९/२१ गते**

**प्रमाणिकरण भएको:**
**मिति: २०७७/०९/२६ गते**

**आज्ञाले,**
**ध्रुव प्रसाद लम्साल**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**